# तीनपाटन गाउँपालिकाको

## स्थानीय राजपत्र

# स्नातक तह अध्ययन छात्रवृत्ति अनुदान व्यवस्थापन कार्यविधि, २०७९

### भाग

कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/ /

खण्ड : , राजपत्रमा प्रकाशित मिति : २०८०/ /

प्रमाणीकरण मिति : २०८०/ /


**तीनपाटन गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय, लाम्पनटार

सिन्धुली, जिल्ला

बागमती प्रदेश, नेपाल

## तीनपाटन गाउँपालिकाको

# स्नातक तह अध्ययन छात्रवृत्ति अनुदान व्यवस्थापन कार्यविधि, २०७९

१. **पृष्ठभूमि** : तीनपाटन गाउँपालिकाको वडा नं.७ मा स्थायी बसोबास भई त्रिपुरेश्वर शिक्षा क्याम्पस बाहुन तिल्पुङमा स्नातक तह अध्ययनरत गरीब तथा जेहेन्दार विद्यार्थीहरूलाई उपलब्ध गराइने छात्रवृत्ति अनुदानलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले तीनपाटन गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

२. उद्देश्यः स्नातक तह अध्ययन छात्रवृत्ति प्रदान गर्नुको उद्देश्य स्नातक तह अध्ययनमा वडा नं.७ का विद्यार्थीहरूको पहुँच अभिवृद्धि गर्नु रहेको छ ।

३. **औचित्यता** : तीनपाटन गाउँपालिका वडा नं.७ मा आदिवासी जनजाति तथा दलित समुदायको बाहुल्यता रहेको तथा आर्थिक रूपमा समेत विपन्न नागरिकहरूको बसोबास रहेको र यस वडाका थोरै मात्र अभिभावकले आफ्ना बालबालिकालाई स्नातक तह अध्ययनका लागि पठाउने भएकाले वडाभरिका कक्षा १२ उत्तीर्ण विद्यार्थीहरूलाई त्रिपुरेश्वर शिक्षा क्याम्पस बाहुनतिल्पुङमा छात्रवृत्तिसहित स्नातक अध्ययनको अवसर दिन आवश्यक परेको हो ।

४. **छात्रवृत्ति उपलब्ध गराउने आधारहरू** : यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गर्न देहायका आधारहरू पूरा गरेको हुनुपर्नेछ :

(क) तीनपाटन गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयबाट कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको,

(ख) त्रिपुरेश्वर शिक्षा क्याम्पस बाहुनतिल्पुङमा स्नातक तहमा भर्ना भई नियमित अध्ययन गरिरहेको,

(ग) वार्षिक रूपमा न्यूनतम ७० प्रतिशत हाजिरी भएको,

(घ) अध्ययन अवधिभर तीनपाटन गाउँपालिका वडा नं.७ मा स्थायी बसोबास गरिरहेको ।

(ङ) स्नातक तह अध्ययनका लागि अन्य कुनै निकायबाट छात्रवृत्ति अनुदान नपाएको हुनुपर्ने ।

५. **बजेटको सीमा** : चालु आ.व मा तीनपाटन गाउँ सभाबाट त्रिपुरेश्वर शिक्षा क्याम्पस स्नातक तह अध्ययनरत गरीब तथा जेहेन्दार विद्यार्थी छात्रवृत्ति अनुदान वडा नं.७ शीर्षकमा विनियोजित रकम नै बजेटको सीमा हो ।

६. **छात्रवृत्ति रकम** : दफा ५ बमोजिमको बजेट सीमा ननाघ्ने गरी प्रति विद्यार्थी वार्षिक रूपमा बढीमा रु.८,००।- अनुदान रकम त्रिपुरेश्वर शिक्षा क्याम्पस बाहुनतिल्पुङको बैंक खातामा निकासा दिइनेछ ।

७. छात्रवृत्ति अनुदान निकासा प्रक्रियाः यस कार्यविधि बमोजिमको छात्रवृत्ति निकासाका लागि देहायको प्रक्रिया पूरा गर्नुपर्नेछः-

क) वडा नं.७ को वडा कार्यालयले दफा ४ बमोजिमको शर्तहरू पूरा गरेका विद्यार्थीहरूबाट निवेदन माग गरी सात दिनको समयावधि दिएर सूचना प्रकाशन गर्नुपर्नेछ ।

ख) प्राप्त निवेदनका सम्बन्धमा जाँचबुझ गरी वडा कार्य समितिको निर्णय सहित छात्रवृत्ति उपलब्धताका लागि विद्यार्थीहरूको नाम र छात्रवृत्ति वापतको रकम उल्लेख गरी गाउँपालिका कार्यालय समक्ष निकासाका लागि सिफारिस गर्नुपर्नेछ ।

ग) दफा ७ ख बमोजिम सिफारिस प्राप्त भएपछि गाउँपालिका कार्यालयले छात्रवृत्ति वापतको कुल अनुदान रकम सम्बन्धित विद्यार्थीहरूलाई उपलब्ध गराउन त्रिपुरेश्वर शिक्षा क्याम्पसको बैङ्क खातामा निकासा उपलब्ध गराउनेछ ।

८. **प्रतिवेदन गर्नुपर्ने** : छात्रवृत्ति उपलब्ध गराइएका विद्यार्थीहरूको वितरण भर्पाई, अध्ययनको अवस्था, नियमितता तथा कार्यक्रमको प्रभावकारीता लगायतका विषयलाई समेटी त्रिपुरेश्वर शिक्षा क्याम्पसले बार्षिक रूपमा गाउँपालिका कार्यालय समक्ष प्रतिवेदन गर्नुपर्नेछ ।

९. **बाधा अड्काउ फुकाउ**ः यस कार्यविधिको कुनै व्यवस्था कार्यान्वयनमा बाधा पुगेमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।